**Kaladarpan | Volume : 6 | No.: 1 | 2026, July, pages 135-149**

DOI : https://doi.org/10.3126/kaladarpan.v6i1.97852

# स्वर्गद्वारी आश्रमका मूर्त र अमूर्त सांस्कृतिक सम्पदा

सूर्यबहादुर थापा क्षेत्री

thapaji2020@gmail.com

**लेखसार**

नेपालको प्युठान जिल्लामा अवस्थित विगत एक सय एकतिस वर्षदेखि निरन्तर सञ्चालनमा रहेका प्रसिद्ध धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा पुरातात्विक स्थल स्वर्गद्वारीका मूर्त तथा अमूर्त सम्पदाहरूको विश्लेषणात्मक अध्ययन यस लेखमा प्रस्तुत छ। युनेस्कोले सन् १९७२ मा स्मारक, वास्तुकला, पुरातात्विक स्थल तथा ऐतिहासिक भौतिक संरचनालाई मूर्त सांस्कृतिक सम्पदा भनी परिभाषित गरेको छ । यसै गरी सन् २००३ मा संस्कृति केवल भौतिक रुपमा मात्र सीमित नहुने मान्यतालाई अगाडि सार्दै अमूर्त सांस्कृतिक सम्पदाको अवधारणा प्रस्तुत गरेको छ । यस्ता सांस्कृतिक सम्पदालाई विश्व मानवको साझा पुँजीका रुपमा संरक्षण र पुस्तान्तरण गर्ने कार्यमा नेपाल पनि क्रियाशील छ । स्वामी हंसानन्द गिरीबाट स्थापित आध्यात्मिक आस्थाको पवित्र पुण्यभूमि आश्रमका मूर्त र अमूर्त सम्पदाहरूको अभिलेखीकरण तथा अवस्था विश्लेषण गर्नु यस अनुसन्धानको उद्देश्य रहेको छ। यस गुणात्मक अध्ययनमा स्वर्गद्वारीको विषयमा प्रकाशित पुस्तकहरू, पत्रपत्रिकाहरू, शोधमूलक ग्रन्थ, ऐतिहासिक अभिलेखहरू को अध्ययन, सरोकारवाला तथा जानिफकारसँगको अन्तर्वार्ता र प्रत्यक्ष अवलोकनबाट तथ्याङ्कको सङ्कलन गरिएको छ। प्राप्त तथ्याङ्कलाई निर्मलीकरण गरी सिलासिलात्मक विश्लेषण प्रस्तुत गरिएको छ। स्वर्गद्वारीका मुख्य मूर्त सम्पदाहरूमा मन्दिर, शिवलिङ्ग, समाधिस्थल, सिद्धथान, बाँझवृक्ष, यज्ञशाला, गौशाला, वेदशाला, धर्मशाला, पाकशाला लगायत रहेको पाइयो। यसका साथै दैनिक जप, हवन, पूजापाठ, धार्मिक मेला अनुष्ठान र पर्वहरू जस्ता अमूर्त सम्पदाहरू रहेका छन। यी मूर्त र अमूर्त सम्पदाको व्यवस्थित अभिलेखीकरण गरी संरक्षण र सम्वर्द्धन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**शब्दकुञ्जी :** अखण्ड यज्ञ, आश्रम, मानव कल्याण, विश्व शान्ति, सांस्कृतिक सम्पदा

## विषयपरिचय

श्री स्वर्गद्वारी आश्रम प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिका वडा नं. २ मा रहेको छ। यस प्रसिद्ध आश्रमले १३१ वर्ष लामो इतिहास बोकेको छ। यसले आध्यात्मिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, शैक्षिक र पर्यटकीय क्षेत्रमा महत्वपूर्ण योगदान गरेको छ। स्वर्गद्वारीमा विविध मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरू छन्। यस लेखमा सम्पदाहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। मूर्त सांस्कृतिक सम्पदा भन्नाले देख्न, छुन, मापन गर्न र भौतिक रुपमा संरक्षण गर्न सकिने मानव निर्मित सम्पदाहरू लाई बुझाउँछ। जसमा मन्दिर, दरबार, स्तुप, किल्ला, ऐतिहासिक भवन, मूर्ति, हतियार, सिक्का, भाँडाकुँडा, धार्मिक सामग्री र पुरातात्विक स्थलहरू पर्दछन् (UNESCO, 1972) । अमूर्त सांस्कृतिक सम्पदा भन्नाले कुनै समुदाय वा

व्यक्तिले पुस्तौँपुस्तासम्म अभ्यास, संरक्षण र हस्तान्तरण गर्दै आएका ज्ञान, सीप, परम्परा, सामाजिक अभ्यास, धार्मिक अनुष्ठान, मौखिक अभिव्यक्ति र प्रदर्शनकलालाई जनाउँछ । यसलाई भौतिक रुपमा छुन वा स्थायी रुपमा देख्न सकिँदैन (UNESCO, 2003) । स्वर्गद्वारी आश्रमको उद्‌भवसँगै उक्त क्षेत्रमा निर्मित मूर्त सांस्कृतिक सम्पदा र अभ्यास गरिँदै आएका अमूर्त सांस्कृतिक सम्पदाको दस्तावेजीकरण गरी तिनको संरक्षण हेतु यो अनुसन्धान लेख तयार गरिएको हो ।

वि.सं १९५२ मा बालतपस्वी हंसानन्द गिरीले स्थापना गरेको यस स्वर्गद्वारी आश्रमलाई विश्व शान्ति र मानव कल्याणको पुनित उद्देश्यमा समर्पित अत्यन्त पवित्र तीर्थस्थलका रूपमा लिइन्छ । यस स्थानमा दिनहुँ सयौँ भक्तजन तथा धार्मिक पर्यटकहरू ले दर्शन र भ्रमण गर्ने गर्दछन् । यहाँ नित्य तथा नैमित्तिक पूजा हुने गर्दछ । यसै धार्मिक तथा पर्यटकीय स्थल स्वर्गद्धारीमा सवा एक शताब्दीको कालखण्डमा निर्मित मूर्त तथा अभ्यासरत अमूर्त सांस्कृतिक सम्पदाको स्थलगत अध्ययन गरी प्रस्तुत गरिएको यस लेखले इतिहास, संस्कृति, धर्मशास्त्र, साहित्य, मानवशास्त्र र पुरातत्त्व अध्येताका लागि उपयोगी प्राज्ञिक सामग्रीका रुपमा सहयोग पुऱ्याउने छ ।

## समस्याकथन

स्वर्गद्धारी आश्रमका विषयमा विद्धान्हरू का लेख, रचना तथा अनुसन्धान ग्रन्थहरू प्रकाशन भएका छन् । यस अन्तर्गत गणेशमान गुरुङले वि.सं. २०३८ सालमा स्वर्गद्वारीलाई पवित्र स्थानका रुपमा चिनाउँदै महाप्रभुको परिचय उल्लेख गरेका थिए । यसै वर्ष जितबहादुर मानन्धरले मधुपर्कमा लेख प्रकाशन गरी स्वर्गद्धारीको परिचय बिस्तारमा योगदान गरेका थिए । वि.सं. २०४३ सालमा गितु गिरीले स्वर्गद्धारीका वास्तुकलालाई आफ्नो शोधपत्रमा समेटेका थिए । यसैगरी रामप्रसाद पण्डित उपाध्याय, लक्ष्मीनिधि पण्डित, टेकनाथ गौतम, जनकलाल शर्मा, केबी मसाल, दामोदर पौडेल, शिवकुमार सुवेदी, लिलाबहादुर बस्नेत, तेजनिधि पौडेल, रुद्रानन्द गिरी, राजनविनायक पासा, अरविन्द रिमाल र भोजु गिरी लगायतले स्वर्गद्धारीका विषयमा परिचयात्मक तथा खोजमूलक रचनाहरू प्रकाशन गरेका छन् । ती प्रकाशनमा स्वर्गद्धारी महाप्रभुको परिचय र महिमा, स्वर्गद्धारीको भौगोलिक परिचय, यात्रा संस्मरण, केही मूर्त सम्पदाको सामान्य परिचय समेत समेटिएका पाइन्छन् । तर, स्वर्गद्धारीमा निर्मित मूर्त तथा अभ्यासरत अमूर्त सांस्कृतिक सम्पदाहरू को सबिस्तार विश्लेषण ती प्रकाशनमा भएको पाइँदैन । यही समस्याको प्राज्ञिक समाधानका हेतु स्वर्गद्धारी आश्रमका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको विश्लेषणात्मक अध्ययनका लागि निम्न शोधप्रश्न निर्माण गरी यो अनुसन्धान लेख तयार गरिएको छ ।

(क) स्वर्गद्वारीमा निर्मित मूर्त सांस्कृतिक सम्पदाहरू के के हुन् ?

(ख) स्वर्गद्वारीमा अभ्यासरत अमूर्त सांस्कृतिक सम्पदाहरू के के हुन् ?

(ग) स्वर्गद्धारीमा रहेका मूर्त र अमूर्त सम्पदाको संरक्षणको अवस्था कस्तो छ र यसका मुख्य चुनौतिहरू के के हुन् ?

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान पद्दतिको अवलम्बन गरिएको छ । यसमा प्राथमिक र द्वितीयक स्रोत सामग्रीको उपयोग गरिएको छ । प्राथमिक स्रोत सामग्री स्थलगत अध्ययनमार्फत प्राप्त गरिएको छ । यसअन्तर्गत स्वर्गद्वारी आश्रमको प्रत्यक्ष अवलोकन, अन्तर्वार्ता र दस्तावेज अध्ययन रहेका छन् । द्वितीयक सामग्रीअन्तर्गत पुस्तकालय अध्ययन विधिबाट स्वर्गद्वारीको विषयमा प्रकाशित पुस्तकहरू, पत्रपत्रिकाहरू, शोधमूलक दस्तावेज, ऐतिहासिक अभिलेखहरू तथा उपलब्ध कागजातको अध्ययन र उपयोग गरिएको छ । प्राप्त तथ्यलाई निर्मलीकरण गरी सिलासिलात्मक व्याख्या तथा विश्लेषण प्रस्तुत गरिएको छ ।

## प्राप्ति र छलफल

लुम्बिनी प्रदेशको प्युठान जिल्लाअन्तर्गत स्वर्गद्धारी नगरपालिकाको वडा नं २ मा स्वर्गद्धारी आश्रम अवस्थित छ । यो आश्रम समुद्री सतहबाट करिब २१०० मिटरको उचाइमा पर्दछ । यस स्थानमा पुग्नका लागि पक्की मोटरबाटो निर्माण गरिएको छ । भालुबाङ-रोल्पा सडक खण्डको भिङ्ग्री बजारबाट उकालो लागेपछि करिब १४ किमी दुरी पार गरेपछि धरमपानी र त्यहाँबाट ३० मिनेटजती सिढी चढेर स्वर्गद्धारी आश्रममा पुग्न सकिन्छ । यस स्थानमा महाप्रभुले आश्रम निर्माण गरी बसेपछि यसले धार्मिक स्थलको रुप लिन पुगेको देखिन्छ । यद्यपि पौराणिक कालमा पनि स्वर्गद्वारी यज्ञभूमि थियो भन्ने मान्यता रहिआएको पाइन्छ पौडेल, वि.सं. २०६२) । यस आश्रममा वेदव्यासजस्ता त्रिकालदर्शी महर्षिहरूले ठूलाठूला यज्ञ गरेको जनश्रुति समेत रहेका छन् । महाभारतका पाँच पाण्डवहरूले यहीँ तपस्या गरेर स्वर्ग प्रस्थान गरेको जनश्रुति प्राचीन कालदेखि नै चल्दै आएको छ (ध्रुवश्री, वि.सं.२०८१) । परापूर्व कालमा चतुर्भुज खुंग्री भन्ने ठाउँमा १६ वटा ऋषिहरूले स्वर्गको कामनाले तपस्या गरी यस टापुमा आई अखण्ड यज्ञ गरेकाले यस ठाउँको नाम स्वर्गद्वारी रहेको हो भन्ने पनि जनश्रुति रहेको छ (गुरुङ, वि.सं.२०३८) । वि.सं १९५२ मा स्वर्गद्वारी महाप्रभुले स्थापना गरेको यस आश्रमलाई विश्व शान्ति र मानव कल्याणको पुनित उद्देश्यमा समर्पित अत्यन्त पवित्र तीर्थस्थलका रूपमा लिइन्छ । यस स्थलको छनोटका सम्बन्धमा प्रचलित भनाइअनुसार :स्वर्गद्वारी महाप्रभुले रुन्टीमा गरेको कठोर तपस्यापश्चात् सञ्चालित यज्ञको क्रममा उक्त स्थान साँघुरो महसुस गरी आफ्ना शिष्य बोधानन्द गिरी (पुजारी महाराज) लाई स्वर्गद्वारी लेकको अवलोकन र व्यवस्था मिलाउन आदेश दिएका रहेछन् । तदनुरुप स्वर्गद्वारीमा आउँदा केही गोठ र ग्वालाहरू भेटिएछन् । उनीहरू समक्ष “यहाँ पहिले पनि यज्ञ गरिएको थियो, हामी यहाँ यज्ञ सञ्चालन गर्छौं, स्थान दिनुहोस्” भनी बोधानन्द गिरीले आग्रह गर्दा ग्वालाहरूले प्रमाण भए दिन्छौँ भन्ने जवाफ दिएछन् । पुजारी महाराज बोधानन्द गिरीले ग्वालाहरूलाई खनेर हेर्न भनेबमोजिम खन्दा-खोस्रिँदा विभिन्न पूजा सामग्री र प्रमाण भेटिएकाले यो स्थान यज्ञस्थलका लागि छनोट गरिएको रहेछ (स्वामी भागवतान्द गिरी, व्यक्तिगत अन्तर्वार्ता, साउन ३०, २०८२) ।

स्वर्गद्धारीमा पूजा अनुष्ठानको सुरुवात वि.सं. १९५२ बाट भएको लिखित प्रमाण फेला परेको छ । यो कुरा श्री बालतपस्वी १०८ स्वामी हंसानन्दले वि.सं. १९९६ साल माघको एक गते कास्य पत्रमा उल्लेख गरेका छन् । जुन यसप्रकार रहेको छ : “यस तपोभूमि स्वर्गद्वारीमा १९५२ साल बैशाख पूर्णिमाबाट मैले स्थापना गरेको अखण्ड महायज्ञ आजसम्म जसरी

चलिआएको छ । मेरो शेषपछि यसमा कुनै काम खण्डित हुन नदिई यज्ञको काम चलाउनु । यस आश्रममा आएर जसले निष्ठापूर्वक सन्यास लिन्छ, त्यसैद्वारा ज्येष्ठताको आधारमा यहाँको महन्त बनी गरी आयाको अर्वपर्व पूजापाठ होम होमादि अभ्यागत समेतको रेखदेख गरी काम चलाउनु । यज्ञ चलाउनको लागि मैले झोलीको पैसाबाट चेलाप्रचेलाहरूको नाउँमा खरिद गरिदिएको दाङ देउखरीका जग्गाहरू छन् । सोही जमिनको आयस्ताले काम चल्ने छ । कुनै विघ्नबाधा पर्न आएमा सरकारमा जाहेर गर्नु । यस यज्ञको होमादि कार्य खण्डित हुन गएमा राष्ट्र तथा विश्वभरि नै भयानक हुने छ, सो जानी मेरा शिष्य प्रशिष्यले आफूले यहाँको नियम पालन गरी यज्ञको काम चलाउनु" (बस्नेत, वि.सं २०७५, पृ. २५) ।

स्वर्गद्धारीमा आश्रम सञ्चालन भएपछि विभिन्न महन्तहरूले आश्रम प्रमुखका रुपमा जिम्मेवारी बहन गरेको पाइन्छ । स्थापनादेखि हालसम्मका आश्रम प्रमुखहरू  यसप्रकार छन् :

१. स्वर्गद्वारी महाप्रभु र श्री १०८ स्वामी हंसानन्द गिरी (वि.सं. १९५१ - वि.सं. १९९७)
२. पूजारी महाराज श्री बोधानन्द गिरी (वि.सं. १९९७ - वि.सं. १९९८)
३. श्री अमरानन्द गिरी (वि.सं. १९९८ - वि.सं २००१)
४. श्री सूर्यानन्द गिरी (वि.सं. २००१ - वि.सं. २०२६)
५. श्री अनन्तानन्द गिरी (वि.सं. २०२६ - वि.सं. २०३४)
६. श्री केशवानन्द गिरी (वि.सं. २०३४ - वि.सं. २०४६)
७. श्री नर्मदानन्द गिरी (वि.सं. २०४६ - वि.सं. २०४६)
८. श्री रामानन्द गिरी (वि.सं. २०४६ - वि.सं. २०५२)
९. श्री नित्यानन्द गिरी (वि.सं. २०५२ - वि.सं. २०६०)
१०. श्री भागतानन्द गिरी (वि.सं. २०६० - हालसम्म । (पौडेल, वि.सं. २०६२)

रखाल महाराज श्री शंकरानन्द गिरी र कृष्णानन्द गिरीले स्वर्गद्वारी आश्रमको प्रमुख हुन नमानेको बुझिएको छ । रखाल महाराजलाई स्वर्गद्वारी महाप्रभुले आफ्नो जीवनको आखिरी समयमा "ममा रहेको सिद्धि र शक्ति तिमीमा छाडेको छु"सम्म भनेको चर्चा हुन्छ । उनी अत्यन्त प्रभावशाली महन्त र साधु सन्त थिए । म्याग्दी, राखुमा जन्मिएका रखाल महाराजको २०१९ साल कात्तिकमा देहान्त भयो । हाल स्वर्गद्धारीका प्रमुख महन्तका अनुसार : "स्वर्गद्वारी आश्रम महाप्रभुले बसाल्नुभएको नीति, नियम र विधिअनुसार सञ्चालित छ । हामी महाप्रभुलाई त्रिकालदर्शी साक्षात् नारायणको अवतार र भगवान् भन्छौं । स्वर्गद्वारी आश्रम तिनै साक्षात् नारायणप्रतिको श्रद्धा, भक्ति, विश्वास र उपासनामा चलेको छ । प्रभु महाराजकै नीति, नियम र विधिअनुसार यसलाई चलाउनुपर्छ" (स्वामी भागवतान्द गिरी, व्यक्तिगत अन्तर्वार्ता, साउन ३०, २०८२) । यहाँका महात्मा, साधु, सन्त र महन्तहरू सम्पूर्ण रुपमा स्वर्गद्वारी महाप्रभु श्री १०८ स्वामी हंसानन्द गिरी र उनको शिक्षाप्रति समर्पित रहेको पाइन्छ ।  यसरी पौराणिक कालदेखि नै यज्ञ अनुष्ठान गरिने भूमिका रुपमा मान्दै आएको स्वर्गद्धारी शैलशिखर धुरीलाई महाप्रभुले यज्ञस्थलका रुपमा चयन गरेपछि निरन्तर धार्मिक तथा पर्यटकीय स्थलका रुपमा परिचित हुँदै आएको छ ।

## स्वर्गद्धारी महाप्रभुको परिचय

वि.सं १९१६ साल साउन शुक्ल पुत्रदा एकादशी सोमबार मध्यराती हालको रोल्पा जिल्ला रुन्टीगढी गाउँपालिका वडा नं. ९ मा स्वर्गद्वारी महाप्रभुको जन्म भएको थियो । पिता अनिरुद्ध गौतम र माता श्वेतकुमारीका सुपुत्रका रूपमा जन्मेका उनको न्वारनको नाम नारायण थियो । उनले बाल्यकालदेखि नै आध्यात्मिक व्यवहार प्रकट गर्न थालेका थिए । यस विषयमा उल्लेखित भनाइअनुसार : "बालक जन्मेको छैठौँ दिनमा सुत्केरी आमाले मासु खाएको हुनाले उनले आमाको दुध खान छाडेछन् । उनलाई दसौँ दिनदेखि गाईको दुध खुवाउन थालिएछ । पाँच वर्षको उमेरमा आफू जन्मेको रुन्टी गाउँको जङ्गलमा उनी एकाएक हराएछन् र एउटा बाँझको रुखको टोड्कामा बसी तपस्या गरेको अवस्थामा भेटिएछन् । चार/पाँच वर्षको उमेरदेखि नै उनले गाई चराउन जाने ग्वालाहरूलाई त्यस दिन घट्ने घटनाहरूको बारेमा भविष्यवाणी गर्ने र कतिपय कुरा पूरा हुन थालेछन् । उनले भनेका कतिपय कुरा पूरा हुने गरेकाले गाउँलेहरू ले उनलाई प्रभुका नामले पुकार्न थालेछन्" ( सुवेदी, वि.सं. २०७०) । बाल्यकालबाटै जङ्गलमा बस्न थालेका प्रभुलाई गाउँलेहरू ले घर फर्कन आग्रह गर्दा नमानेपछि गाउँलेकै सहयोगमा रुन्टीको बस्तीमाथि कुटी निर्माण गरिएछ । त्यसै कुटीमा बसेर उनले आफ्नो तपस्या र साधनालाई निरन्तरता दिएको विद्वान्हरू ले उल्लेख गरेका छन् (सुवेदी, वि.सं.२०३९) । प्रभुलाई तेह्र वर्षको उमेरमा कुष्ठरोग लागेछ । प्रभुले एक वर्षका लागि कुष्ठरोग गहनास्वरूप लगाएको र त्यसबाट विवाह बन्धनमा बाँधिनबाट छुटकारा पाउन सकेको कुरा आफ्ना भक्तहरूसँग पछि बताउने गरेको पाइएको छ (तुलसीराम अधिकारी, व्यक्तिगत अन्तर्वार्ता, साउन २८, २०८२) । दश वर्षको उमेरमा बुबाको मृत्युपछि आमा श्वेतकुमारीले छोरालाई विवाहका लागि कर गर्न थालेकी रहिछन् ।

वि.सं. १९३० देखि वि.सं. १९४२ सालसम्म १२ वर्ष प्रभुले कठोर तपस्या र साधना गरेछन् । यसै समयमा उनी बालतपस्वीका रूपमा चिनिन थालेछन् । त्यही तपस्यासँगै उनलाई सन्यास ग्रहणको इच्छा भएकाले जुना अखडाका स्वामी सच्चिदानन्द गिरीबाट उनले सन्यास दीक्षा लिएछन् । यसपछि उनले आफ्नै गाउँ रुन्टीमा अखण्ड मण्डलाकार वैदिक यज्ञ सञ्चालन गरेछन् । यो यज्ञ सात वर्षसम्म अर्थात् वि.सं १९५१ सालसम्म निरन्तर चलेछ (सुवेदी, वि.सं २०७०) । उक्त ठाउँ यज्ञका लागि साँघुरो भएकाले प्रभुले आफ्ना चेला बोधानन्द गिरीलाई स्वर्गद्धारी भन्ने ठाउँ हेर्न पठाएछन् । उनैले उपयुक्त ठानी छनोट गरेको स्थानमा स्वर्गद्धारी आश्रमको सुरुवात भएको रहेछ ।

स्वर्गद्धारीमा आश्रम निर्माण गरी निरन्तर साधनारत महाप्रभुले वि.सं. १९९७ सालमा समाधि लिएका थिए । तिनै महाप्रभुको साधनास्थलका रुपमा स्थापित स्वर्गद्धारी अहिले धार्मिक तथा सांस्कृतिक पर्यटनको एउटा केन्द्र बन्न पुगेको छ । जसको विश्लेषण निम्नबमोजिम प्रस्तुत गरिएको छ :

## स्वर्गद्वारीका मूर्त सम्पदाहरू

### शिवालय मन्दिर

स्वर्गद्धारी आश्रम परिसरको उत्तर पूर्वी भागमा शिवालय मन्दिर छ । महाप्रभुले स्वर्गद्धारी पुगेर सबभन्दा पहिले भगवान् शंकरको पूजाआजा र आराधना गर्दै याज्ञिक कार्य प्रारम्भ गरेका थिए (सुवेदी, वि.सं.२०७०) । त्यसैका निम्ति यो मन्दिर निर्माण गरिएको थियो । यस नित्यपूजाको

जिम्मा उनले आफ्ना शिष्य बोधानन्द गिरीलाई सुम्पेका थिए । यसको मन्दिरमा पूजाको लागि हाल एकजना ब्राह्मणलाई जिम्मेवारी हुन्छ । यहाँ प्रत्येक दिन विधिपूर्वक भगवान् शंकरको आराधना गरी महाभिषेक, आरती र पुष्पाञ्जली गर्ने गरिन्छ (प्रत्यक्ष अवलोकन, साउन २७, वि.सं. २०८२) ।

**गुफा मन्दिर**

आश्रममा स्वर्गद्वारी महाप्रभु र पूजारी महाराजको समाधिस्थलमा गुफा मन्दिर रहेको छ । त्यसमा ज्योतिर्लिङ्गसहितको शिवलिङ्ग राखिएको छ । यसमा नित्य पूजा गर्ने छुट्टै ब्राह्मणको व्यवस्था छ । वि.सं.२०८१ मङ्सिरदेखि यस स्थानमा पशुपतिनाथको वास्तुकलामा ४० फिट उचाइ रहेको शिवमन्दिर निर्माण भइरहेको छ । भक्तजनहरू को सहयोगमा करिब १५ करोडको लागतमा निर्माण हुने यस मन्दिरले स्वर्गद्वारीको महिमालाई अझ उचाइ प्रदान गर्ने विश्वास गरिएको छ ।

**गुरु महाराज र रखाल महाराजका समाधिस्थल**

महाप्रभुका गुरु महाराज स्वामी सचिदानन्द गिरीको समाधिस्थलमा मन्दिर रहेको छ । शंकरानन्द गिरी (रखाल महाराज) को समाधिस्थमा पनि सानो मन्दिर बनाइएको छ । मुख्य रुपमा महाप्रभु र पुजारी महाराजको गुफा मन्दिर तथा गुरु महाराज र रखाल महाराजका छुट्टाछुट्टै समाधिस्थलमा गरी तीनवटा मन्दिर बनाइएका छन् । अरु महन्त, साधु र सन्तहरूका समाधि स्वर्गद्वारी धुरीका विभिन्न स्थानमा गरेको पाइन्छ । अरुका समाधिस्थलमा चाहिँ मन्दिर बनाएको छैन ।

**सिद्धबाबा मन्दिर सिद्ध स्थान**

स्वर्गद्वारीलाई विभिन्न सिद्ध महात्माहरूले बिचरण गरेको तपोभूमि मानिन्छ । तिनै सिद्धहरूको स्मरणका लागि आश्रम परिसरभन्दा बाहिर, माथिको डाँडालाई सिद्धस्थानका रुपमा व्यवस्थित गरिएको छ । यहाँ विशेष अवसरहरूमा सिद्धहरूको पूजाआजा गर्ने गरिएको छ । गाईपालन थालिएपछि आजसम्म कहिल्यै बाघले झम्टेको उदाहरण छैन । महाप्रभुको बेलामा त बाघ र गाई सँगसँगै विचरण गर्थे पनि भनिन्थ्यो । जेठ र मङ्सिर महिनामा गोठपूजा गर्दा सिद्धस्थानमा विशेष पूजा हुन्छ ।

**बाँझ बृक्ष**

महाप्रभु आफ्ना शिष्य बोधानन्द गिरीसहित पहिलोपल्ट स्वर्गद्वारीमा आएपछि बाँझको वृक्षको फेदमा तीन रात बिताएका थिए । यहीँ दुईजनाले ताप्केमा चना भुटेर खाएका थिए । त्यतिबेलै यो बाँझ वृक्ष ५५० वर्ष पुगेको भन्ने महाप्रभुको दाबी थियो (बासु भट्टराई, व्यक्तिगत अन्तर्वार्ता, साउन २९, २०८२) । त्यस हिसाबले उक्त बाँझ वृक्ष अहिले ६८१ वर्ष पुगेको छ । कवि शिरोमणि लेखनाथ पौडेलले यसै बाँझ बृक्षलाई प्रतीक बनाएर 'तरुण तपसी' को तथ्यकाव्यको रचना गरेको बताइएको छ । हाल बाँझको बृक्षको फेदमा चौतारी बनाइएको छ । जहाँ भक्तजनहरू आराम गर्न पाउँछन् । यही स्थानमा काँची कामाकोटी पिठका शंकराचार्य जयन्द्र सरस्वती आउँदा मञ्च बनाइएको थियो ।

**अखण्ड यज्ञशाला- अखण्ड द्वीप**

महाप्रभुले स्वर्गद्वारीमा आएपछि हवन गरेको स्थानमा यज्ञधुनी स्थापित छ । अखण्ड यज्ञशालाका रुपमा सुरुमा खरको छाना, पछि ढुङ्गाको छाना र हाल तामाको छानाको नौ वटा

गजुरसहितको विशेष वास्तुकलाको यज्ञशाला निर्मित छ । दुई वर्षअघि पाँच करोड रुपियाँ लागतमा यसको नयाँ निर्माण गरिएको छ । यसो गर्दा छानो मात्र बदलिएको छ । यज्ञशालाको परम्परागत स्वरुप यथावत राखिएको छ । यस यज्ञशालाको चार दिशामध्ये पूर्वमा देवी पाञ्चायन, पश्चिममा विष्णु पाञ्चायन, उत्तरमा गणेश पाञ्चायन र दक्षिणमा सूर्य पाञ्चायनको पूजा आराधना गरिन्छ । चार उपदिशाहरूमध्ये इशानमा गणेश, आग्नेयमा देवी, नैऋत्यमा सूर्य र बायव्यमा शिवको पूजाआजा हुन्छ ।

वि.सं. १९५२ साल बैशाख पूर्णिमादेखि अखण्डित रुपमा निरन्तर सञ्चालन भएको हुँदा यसलाई अखण्ड महायज्ञ भन्ने गरिन्छ । यसको उत्तरतिरको आसनमा बसी बालब्रह्मचारी होताद्वारा धृतधारा दिइन्छ । यहाँ बाँझ काफल आदिको समिधा प्रयोग गरिन्छ । दैनिक पूजाआजाको क्रममा चरु (जौ र तिलको मिश्रण) र घ्यू यज्ञकुण्डमा राखिन्छ । यो स्थल बाजा, मादल, मुर्चुङ्गाको ध्वनि र वेदका ऋचाहरूको उच्चारणबाट उत्पन्न प्रतिध्वनिले बाह्रै महिना गुञ्जायमान हुन्छ ।

**पोखरी- नारायण सरोवर**

मन्दिरको पश्चिमपट्टि पोखरी रहेको छ । यसलाई नारायण सरोबर भनिन्छ । कथाअनुसार बैशाख महिनामा खडेरी परेर आश्रममा पानीको समस्या भएछ । गाईभैंसीलाई खुवाउने समेत अभाव भएपछि पानीको हाहाकार समाधान गर्न महाप्रभुले वैशाख पूर्णिमाको दिन पोखरी खनाउने काम गरेपछि भनेछन्, यसैमा अब पूजा गरौं ठीक ४:०० बजे पानी आएर पोखरी पानीले भरिने छ। पूजा भइरहेको थियो, ४:०० बजे घाम लागिरहेको बेला ठूलो पानी पऱ्यो र उक्त पोखरी जलाशयमा परिणत भयो । यो शुद्ध जल सबै काममा प्रयोग गर्न सकिने भन्दै महाप्रभुले यसको नाम सूर्यकुण्ड राखिदिएछन् ।

**गौशाला**

स्वर्गद्वारीको महत्वपूर्ण मूर्त सम्पदाका रुपमा गौशाला रहेको छ। आश्रम परिसरको गौशालामा ३५० वटा गाई छन्। देउखुरी बनगाउँमा ३००, झिंगौरा, घोराहीमा ७०, हर्नोकमा १४, रुम्टीमा १०, टारमा १० र रामपुरमा १६ गरी ७७० वटा गाई गौशालाहरू मा रहेका छन्। हाल केही ठाउँ जर्सी गाई रहेका भए तापनि अधिकांश गौशालामा स्थानीय जातका गाईहरू रहेका छन्। महाप्रभुका पाला १५०० गाई र ३०० भैंसी रहेको विवरण प्युठान गौंडालाई पठाइएको एक रिपोर्टमा पाइएको छ। त्यतिबेला लैनो गोठ, ठाँटा गोठ र बाच्छाबाच्छीका गोठहरू बनाइएका थिए। साँढेहरू भने स्वतन्त्ररुपमा विचरण गर्दथे। हाल गौशालाका लागि ९ जना ग्वाला कार्यरत रहेका छन्।

**वेदशाला- गुरुकुल**

महाप्रभुले स्वर्गद्वारीमा सुरुदेखि नै वेदशाला-गुरुकुलको सञ्चालन गरेका थिए। हाल वेदशालामा १०० जना विद्यार्थीले पढिरहेका छन्। उनीहरूलाई वस्त्र, भोजन र आवासको व्यवस्था रहेको छ। एसईईको परीक्षामा यस वेदशाला गुरुकुलका विद्यार्थीले यसपालि राम्रो नतिजा हासिल गरेका छन्। यहाँ शुक्ल यजुर्वेद, रुद्री, चण्डी, व्याकरण, संस्कृत साहित्य र कर्मकाण्ड आदिको पठनपाठन हुन्छ ।

**प्रभुका पाइला**

यो महाप्रभुले गाई चराउन लैजाने स्थान हो । कालीपोखरी जाने बाटोमा डोटेपोखरीलाई प्रभुका पाइला भनिन्छ । यस स्थानबाट महाप्रभुले कुन गाई कता गएर चर्ने भनी पठाउने गरेको चर्चा गरिन्छ । हाल यही स्थानबाट दशैंको फूलपाती ल्याउने र यहाँसम्म रथ लगेर रथारोहण गरिन्छ ।

### गुफा

महाप्रभुले तपस्या गरेको ठाउँलाई गुफा भनिन्छ । आश्रम परिसरको करिब एक किमि माथि यो गुफा अवस्थित छ । गुफाबाट २० मिनेटमा माडी नदी पुगेर महाप्रभु फर्किने गरेको हालका आश्रम प्रमुख स्वामी भागवतानन्द गिरीसम्मको दाबी रहेको पाइन्छ ।

### गुम्ती सागर

महाप्रभु गुम्ती सागर भन्ने स्थानबाट अन्तर्ध्यान भई प्रत्येक दिन माडी नदीमा स्नान गर्न जाने गरेको भनाइ रहेको छ । मन्दिरमा शुद्ध जल चढाउनका लागि पानी ल्याउन विभिन्न महासागरहरूसम्म पुग्ने गरेको भन्ने किंबदन्तीहरू बनेका छन् ।

### धर्मशाला

स्वर्गद्वारी आश्रममा सुरुदेखि नै धर्मशाला बनाइएका थिए । हाल आश्रम परिसरमा ३५० जना, धरमपानीमा ३०० जना (निर्माणाधीन) र भिङ्ग्रीमा २० जना बस्न सक्ने धर्मशाला आश्रमअन्तर्गत सञ्चालनमा छन् । भिङ्ग्रीमै जनस्तरबाट महायज्ञ लगाई छुट्टै धर्मशाला बनाई सञ्चालनमा रहेको छ ।

### पाकशाला (भोजनालय)

स्वर्गद्वारी आश्रममा आउने पाहुना र भक्तजनहरूका लागि बस्ने धर्मशालासँगै भोजनको परम्परा आरम्भदेखि नै चल्दै आएको हो । पहिले निःशुल्क भोजनको व्यवस्था हुन्थ्यो । हाल बिहान-बेलुका गरी १ हजार व्यक्तिको खानपानको व्यवस्था हुन्छ । यस निम्ति ब्राह्मण, पूजारी, वटुक र विद्यार्थीहरूको एउटा पाकशाला रहेको छ । भक्तजनहरूका लागि आश्रमले नै प्रबन्ध मिलाएर सशुल्क पाकशाला (भोजनालय) सञ्चालन गरिएको छ । १६० रुपियाँमा यहाँ शुद्ध शाकाहारी भोजनको प्रबन्ध मिलाइएको छ । यहाँ कहिलेकाहीँ दैनिक १२०० जनाले सम्म भोजन गरेको पाइन्छ ।

### स्वर्गद्वारी गुठीको जग्गा

स्वर्गद्वारी आश्रमको सञ्चालनका लागि महाप्रभुको पहलमा वि.सं. १९८२ सालमा देउखुरीमा चार मौजा खरिद गरी जग्गाको व्यवस्था थालिएको थियो । उनले आफ्नै झोलीको रकम र सापटी गरेर जग्गा किनेका थिए । सुन र जमिन कहिल्यै नष्ट नहुने हुँदा सङ्ग्रह गर्नुपर्ने महाप्रभुको मान्यता थियो ।

प्युठानमा आश्रम २८,९८२-०६-०-१ रोपनी जग्गामा अवस्थित छ । पछिल्लो समय आश्रमले स्वर्गद्वारी नयाँ वडा नं. १, बाह्रबिसे लखनाटारमा १४० रोपनी र महाप्रभुको जन्मस्थल रुम्टीमा २४ रोपनी जग्गा खरिद गरेको छ । हाल दाङमा १०५३-८-१७/९ बिघा जग्गा स्वर्गद्वारी गुठीको रुपमा रहेको छ । दाङको जग्गामध्ये देउखुरीमा लमही नगरपालिकाअन्तर्गत मझगाउँ बनगाउँ, अर्नवा, चौलाही र सतबरियामा गरी ५०४-८-२/१० बिघा, तुल्सीपुर उपमहानगरपालिकाअन्तर्गत टरीगाउँ, पडडाहा र नैनबारमा गरी ७२-१२-१/५ बिघा र घोराही उमनपा अन्तर्गत ढोडेनी, रामपुर, पलासे, काडाखुटी, हर्नक, साइपुर, सौडियार,

नयाँगाउँ र भट्टेटारमा गरी ३७६-०७-१२/५ बिघा जग्गा रहेको छ। वि.सं. २०४५ साल यता आश्रमले आयस्ता र कुत केही नपाएको गुठी जग्गाको संरक्षण गरी आश्रमको हितमा उपयोग गर्नु यहाँको मुख्य चुनौति रहेको छ।

## स्वर्गद्वारीका अमूर्त सम्पदाहरू
### अखण्ड पूजापाठ र हवन
स्वर्गद्वारी आश्रम वैदिक सनातन धर्मको संरक्षण, सम्वर्द्धन र प्रचार गर्दै विश्वकल्याणको मुख्य उद्देश्यमा केन्द्रित रहेको छ । यज्ञका माध्यमबाट योगसाधना एवं योगचिकित्साको शिविर वेद र यज्ञानुष्ठानको अनुसन्धान, जडीबुटीको अनुसन्धान तथा उपयोगका कार्यहरू पनि भइरहेका छन् । (ध्रुवश्री, २०८१ पृ.६७) प्राकृतिक, धार्मिक र सांस्कृतिक हिसाबले स्वर्गद्वारी स्वयंमा एक पावन तीर्थस्थल र तपोभूमिका रुपमा प्रसिद्ध छ । महाप्रभु रुन्टीबाट यहाँ आएर स्वर्गद्वारी आश्रमको स्थापना भएपछि यहाँ विभिन्न अमूर्त सम्पदाहरूको विकास गरिएको छ । पहिलोपटक स्वर्गद्वारी पुगेर प्रा.डा.गणेशमान गुरुङले स्वर्गद्वारीको अखण्ड पूजापाठको बारेमा लेखेका छन् : यज्ञशालाको आगो कहिल्यै पनि निभ्दैन । अखण्ड पूजा-पाठ चल्ने यस आश्रमको दैनिक कार्यक्रम यस प्रकार छन् : १) स्नान २) जप ३) मन्दिर परिक्रमा ४) आ-आफ्ना स्थानमा बसी पूजा गर्नु ५) सामूहिक हवन, वेदोच्चारण सहित ६) पूर्व- पुष्पाञ्जलि ७) वेदोच्चारण सहित घृतधारा ८) नवै कोणमा वेद- पाठ ६) आ-आफ्ना कोठामा पाठ १०) अखण्ड रुद्री ११) उत्तर- हवन १२) उत्तर- पुष्पाञ्जलि १३) आरती १४) अभिषेक १५) तिलक प्रसाद वितरण १६) अग्निप्रार्थना १७) विसर्जन १८) ब्राह्मण भोजन । उल्लेखित कार्यहरू बिहान ६:०० बजे पूजा सुरू भई दिउसो १:०० बजे अन्त्य हुन्छ ।

यसरी नै बेलुका ६:०० बजे पूजा सुरु भई राति ११:०० बजेतिर अन्त्य हुन्छ । बेलुका हवन सामूहिक हुँदैन । अन्य सबैमा क्रम माथिकै चल्दछ । यो क्रम नित्य रुपमा चल्छ । यहाँ पुग्दा कुनै पनि व्यक्तिले आत्मशान्ति पाउँछन् । केही क्षणको लागि भए पनि आफ्नो सांसारिक व्यवहार र दुःख बिर्सन्छ । यस आश्रमले हिन्दू धर्मको ठूलो प्रचार-प्रसार र संरक्षण गरेको अनुभव हुन्छ । अतः सबैबाट यसको संरक्षण र सम्बर्द्धन हुनु त्यति नै जरूरी छ (गुरुङ, वि.सं. २०३८) ।

यहाँको नित्य पूजा र चाडपर्व जात्राहरूलाई अमूर्त सम्पदाहरूका रुपमा निम्नबमोजिम उल्लेख गर्न सकिन्छ :

### वैशाख पूर्णिमा
स्वर्गद्वारी शिखरमा महाप्रभुद्वारा अखण्ड यज्ञ प्रारम्भ भएको दिन वैशाख पूर्णिमा हो । यस दिनलाई स्वर्गद्वारी आश्रमको नयाँ वर्ष र एउटा महत्वपूर्ण पर्वका रुपमा लिइन्छ । अखण्ड यज्ञका लागि आवश्यक पर्ने ब्राह्मण, पण्डित, वेदुवा र अन्य ब्राह्मणहरूलाई छ महिनाको लागि यसै दिन बरणी गरिन्छ । यस दिन नेपालका विभिन्न भाग र भारतलगायतका देशहरूबाट समेत ठूलो सङ्ख्यामा तीर्थयात्रीहरू स्वर्गद्वारी आउने गर्दछन् ।

### गुरुपूर्णिमा
स्वर्गद्वारी आश्रममा महाप्रभुको समयदेखि नै गुरुपूर्णिमाको विशेष महिमा हुने गरेको छ । गुरु शिष्य परम्पराको वैदिक गुरुकुलीय संस्कृतिलाई जीवन्त राख्न आश्रम क्रियाशील रहिआएको छ । असार शुक्ल पूर्णिमा अर्थात् गुरुपूर्णिमालाई स्वर्गद्वारी आश्रममा विशेष महत्वका साथ मनाइन्छ । वेद विद्याश्रममा पढ्ने विद्यार्थी पढाउने गुरुहरू र सन्यासी जीवन बिताइरहेका

व्यक्तिहरूबिच यस संस्कृतिले सम्मानपूर्ण निरन्तरता पाइरहेको छ। यो यहाँको महत्वपूर्ण पर्वका रुपमा स्थापित छ।

**नाग पञ्चमी**

हिन्दू संस्कृतिमा नागको विशेष महत्व हुने कारण नाग पञ्चमी एउटा विशेष पर्वका रुपमा प्रचलित छ। स्वर्गद्वारी आश्रममा पनि यस दिनलाई विशेष रुपमा मनाइन्छ। महाप्रभु आजीवन सुत्ने गरेको काठबाट निर्मित मन्दिर आकारको रथलाई तीनपटक आश्रम परिसरमा परिक्रमा गराई नारायण सरोवर (सूर्यकुण्ड) अगाडि ल्याई विधिपूर्वक नागपूजा गरिन्छ। यस दिनको रथयात्राको क्रममा रथमा राखिएका नाग र फूलपातीहरूलाई महाप्रभुका पालैदेखि नारायण सरोवरमा विसर्जन गर्ने चलन रहेको छ।

**महाप्रभुको जन्म दिन**

स्वर्गद्वारी महाप्रभु साउन शुक्ल पुत्रदा एकादशीको तिथिमा वि.सं. १९१६ सालमा जन्मिएका थिए। ज्येष्ठ नक्षत्र गुरुवारको मध्यराति जन्मिएका महाप्रभुको जन्मोत्सवका रुपमा यस दिनलाई मनाइन्छ। यस दिन चौबिसै घण्टा आश्रममा भजनकीर्तन गरिन्छ। यसै दिन आश्रमले यज्ञकुण्डमा काम गर्ने ब्राह्मण, वेदुवा, विद्यार्थी, महात्माहरूलाई वस्त्र वितरण पनि गर्दछ।

**जनै पूर्णिमा**

साउन शुक्ल पूर्णिमाका दिन जनै पूर्णिमा मनाइन्छ। यस दिन बिहानै स्नान गरी गणेश कोठामा जनै पूजन गरिन्छ। ब्राह्मण र वटुकद्वारा रक्षाबन्धन बाँधिदिने प्रचलन रहेको छ। यो पर्वलाई स्वर्गद्वारी आश्रममा महत्वपूर्ण दिनका रुपमा मनाउने गरिन्छ।

**तिज**

तिज नेपाली हिन्दु महिलाहरूको विशेष पर्व हो। भाद्र शुक्ल तृतीयाका दिन यो पर्व मनाइन्छ। स्वर्गद्वारी आश्रममा सबभन्दा पहिले शिवको पूजा र उपासना गरिएको कारणले यस पर्वलाई शिव आराधनाको रुपमा मनाउने गरिएको छ। आश्रममा कार्यरत महिलाहरूलाई यस दिन कपडा वितरण गरिन्छ भने यहाँ पनि दर खाने चलन रहेको छ।

**साउनभरि मेला**

स्वर्गद्वारीमा साउन महिनाभरि मेला लाग्दछ। भारतीय तीर्थयात्रीहरूको यस महिनामा 'बोलबम' जस्तैगरी स्वर्गद्वारी आउने क्रम चल्दछ। अझ साउनको सोमबार आउनेहरूको संख्या बढी हुन्छ।

**बडा दशैं र रामनवमी**

आम नेपाली जनजीवनमा प्रचलित दशैंको महिमा र मान्यता स्वर्गद्वारी आश्रममा पनि रहेको छ। यहाँ बडादशैं र रामनवमीलाई धुमधामसँग मनाउने परम्परा रहेको छ। फूलपातीको दिन डोटेपोखरी प्रभुका पाइलाबाट ल्याइएको फूलपाती महाप्रभुको रथयात्रासँगै आश्रममा भित्र्याइन्छ। दशमीका दिनदेखि पूर्णिमासम्म आश्रममा रहेका र बाहिरबाट आउने भक्तजनहरूलाई उत्तराधिकारीको रुपमा कार्यभार सम्हाल्ने महन्तबाट दशैंको प्रसादस्वरुप टीका लगाई आर्थिक दिने गरिन्छ। कोजाग्रत पूर्णिमाका दिन धरमपानी क्षेत्रको कुसुमधारा वा रुमालेको जङ्गलबाट सल्लाको नयाँ लिङ्गो ल्याई एक वर्षअघि स्थापित धर्मध्वजा लिङ्गोलाई हटाई नयाँ लिङ्गो गाड्ने परम्परा रहेको छ।

## गाई तिहारको औंसी

स्वर्गद्वारी आश्रमको गौशालामा संरक्षित सयौं गाई र बसाहाका कारणले पनि गाई तिहारको औंसी विशेष दिनका रुपमा मनाउने परम्परा रहेको छ । यस दिन आश्रमको तर्फबाट गाईको पूजा गर्ने र नुन खुवाउने कार्य धुमधामसँग हुन्छ । अरु विभिन्न ठाउँ र विदेशबाट समेत गाई पूजा गर्न र नुन खुवाउन भक्तजनहरूको ठूलो उपस्थिति रहन्छ । गाई तिहारको भोलिपल्ट यहाँ रहेका साँढेहरूको पूजा गरिन्छ । त्यस अवसरमा गोबर्द्धन पर्वत बनाउने क्रममा गोबरको थुप्रोले पर्वतकै रुप लिएको देख्न सकिन्छ ।

## कार्तिक शुक्ल पूर्णिमा

वैशाख पूर्णिमाको दिन बरणी गरिएका ब्राह्मणहरूको छ महिना यसै दिन पुग्दछ । आश्रमको यज्ञशालामा अखण्ड यज्ञ सञ्चालन गर्न २४ जना ब्राह्मण पूजारीहरूको वरणी गरिएको हुन्छ । ती ब्राह्मणहरूको कार्यकाल परिस्थिति हेरी यस दिन हेरफेर गर्न र आउँदो छ महिनाका लागि नयाँ वरणी गर्ने दिनका रुपमा यसलाई लिइन्छ । यस दिन सबैलाई भोजन गराउनुका साथै नयाँ वरणी भएका ब्राह्मणहरूलाई वस्त्र वितरण गरिन्छ ।

## महाप्रभुको स्मृति दिवस

स्वर्गद्वारी महाप्रभुको देहान्त अर्थात् ब्रह्मलीन भएको दिन मार्ग (मङ्सिर) शुक्ल चतुर्थीका दिन हो । उनी ८१ वर्षको उमेरमा यसै दिन समाधि भएकाले यहाँ अविस्मरणीय रुपमा रहेको छ । महाप्रभुको समाधि रहेको हंशेश्वर महादेव मन्दिरमा यस अवसरमा लघु रुद्री गर्नुका साथै सम्पूर्ण भक्तजनहरूलाई सेल, पुरी, मालपुवा आदि परिकार तयार गरेर भण्डारा लगाइन्छ र भोजन गराउने चलन छ ।

## मंसिर शुक्ल पूर्णिमा

स्वर्गद्वारी आश्रममा यस दिनलाई कुलपूजाको रुपमा मनाउने प्रचलन छ । ज्येष्ठ शुक्ल पूर्णिमा र मङ्सिर शुक्ल पूर्णिमामा दुई पटक कूलपूजा गर्ने क्रममा मुख्यरुपमा सिद्धको पूजा गरिन्छ । यस दिन सिद्धथान, पँधेरो गौशाला र धरमपानी गरी चार ठाउँमा पूजा गर्ने परम्परा रहेको छ । यसरी सिद्धहरूको पूजाबाट आश्रममा कुनै विघ्नबाधा नआउने विश्वास गरिएको छ ।

## पुस महिनाभरि विशेष मेला

स्वर्गद्वारी आश्रममा पछिल्लो समय पुस महिनामा विशेष मेला लाग्ने गरेको छ । पहिले यस खालको मेला हुँदैनथ्यो । साउनभरि जस्तै पुस महिनाभरि लाग्ने यस मेलामा मूलतः भारतीय तीर्थयात्री र भक्तजनहरूको उपस्थिति बढी हुन्छ । अझ पुस २७, २८ र २९ गते त निकै भिड लाग्ने गर्दछ । यस क्रममा नगद भेटी, चामल, दाल, पिठो, नरिवल, भेली, कपडा आदि चढाउने कार्य वर्षभरिकै सबैभन्दा धेरै हुने गरेको छ । नगद मात्रै एक करोडभन्दा बढी भेटीका रुपमा जम्मा हुन्छ ।

## शिवरात्रि

स्वर्गद्वारी आश्रममा सबभन्दा पहिले शिवको आराधना र पूजाआजा थालिएको थियो । शिवको उपासना गरिने शक्तिपीठ हुनाले यहाँ शिवरात्रिको महत्वपूर्ण स्थान रहेको छ । महाप्रभु स्वयं शिवका भक्त थिए । त्यसैले उनको समाधिमा ज्योतिर्लिङ्ग स्थापना गरी शिवालय मन्दिर बनाइएको छ । मूल यज्ञशालाभित्रका पञ्चायनमध्ये शिव पञ्चायन एक छन् । त्यसैले यहाँ शिवरात्रिको महिमा बेग्लै रहेको छ ।

### माघे संक्रान्ति

पुस महिनाभरि लाग्ने मेलाको क्रममा माघे संक्रान्तिका दिन स्वर्गद्वारीमा भक्तजनहरूको भिड लाग्ने गर्दछ। पहिले माघे संक्रान्ति मनाउने परम्परा थिएन। नेपालको तराई र भारतीय भूभागबाट स्वर्गद्वारी आउने तीर्थयात्री र भक्तजनहरूको उपस्थितिले यो पर्व थपिएको छ।

### रामनवमी

चैत महिनाको रामनवमी स्वर्गद्वारी आश्रमको वर्षभरिको अन्तिम पर्व हो। यस दिनलाई श्री राम जन्मदिनको रुपमा यहाँ धुमधामका साथ मनाइन्छ।

### दैनिक पूजाआजा

स्वर्गद्वारी आश्रममा बिहान ४:३० बजेदेखि दिउँसो १:३० बजे र भक्तजनहरूको घुइँचो लाग्छ। ४:३० बजेसम्म पनि पूजाआजा र दैनिक धार्मिक क्रियाकलाप हुन्छ। साँझ ५ बजेदेखि राति ११ बजेसम्म यो क्रम चल्दछ। आश्रम प्रमुखका अनुसार "महाप्रभुको समयमा जे विधि र परम्परा थालिएको थियो, हामीले त्यसैलाई निरन्तरता दिएका छौँ। कुनै परिवर्तन गरेका छैनौँ (भागवतानन्द गिरी, व्यक्तिगत अन्तर्वार्ता, साउन २६, २०८२)। आश्रमको दैनिक नित्य पूजा ४४ वर्षअघि २०३८ सालमा रहेजस्तै निरन्तर छ (वासु भट्टराई, व्यक्तिगत अन्तर्वार्ता, साउन २९, २०८२)।

## निष्कर्ष

स्वर्गद्वारी आश्रम देशकै प्रसिद्ध ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक र पुरातात्विक सम्पदा हो। स्वामी हंसानन्द गिरीले स्थापना गरी आध्यात्मिक आस्थाको पवित्र पुण्यभूमिका रूपमा यस आश्रमलाई विकास गरेका थिए। यस अध्ययनबाट स्वर्गद्वारी आश्रममा रहेको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको दस्तावेजीकरण भएको छ। यस आश्रमका मुख्य मूर्त सम्पदाहरूमा सुरुमा खरको छाना, ढुङ्गे छाना हुँदै हाल धातुको छानाका संरचनाहरू बनेका छन्। पहिले दाङ घोराही र भिङ्ग्री बजारदेखि पैदल हिँडेर कष्टपूर्वक पुगिने स्वर्गद्वारी आधुनिक विकास पूर्वाधारले व्यवस्थित र सहज बन्न पुगेको छ। स्वर्गद्धारीका अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण एवम् सञ्चालनमा कुनै परिवर्तन गरिएको छैन, निरन्तर र पूर्ववत नै छन्। मूर्त सम्पदाहरू को संरचना र वास्तुकला समयअनुसार बदलिएका छन्। पुरातात्विक सम्पदाका रुपमा यसको संरक्षणमा ध्यान दिन आवश्यक छ। आश्रमको उल्लेख्य नियमित आम्दानी छैन। गुठी जग्गाको खनजोत गर्नेहरू ले चारदशकदेखि कुत बुझाएका छैनन् र जग्गाको अतिक्रमण तीव्र छ। आश्रमको नियमित सञ्चालनलाई भक्तजनहरू ले आस्था र विश्वास अनुरुप भेटी, अन्न आदि अर्पण गरेर नियमितता दिइएको छ। यस आश्रमको व्यवस्थित सञ्चालन र व्यवस्थापनमा स्थानीय, प्रदेश र संघीय सरकारको ठोस योगदान र भूमिका अपेक्षित छ।

## परिशिष्ट : क
## अन्तर्वार्ता दिने व्यक्तिहरूको नामावली

| | | |
|---|---|---|
| १) | भागवतानन्द गिरी (आश्रम प्रमुख, ८२ वर्ष) | २०८२/०४/३० |
| २) | उमाकान्त गौतम (९९ वर्ष) | २०८२/०४/३० |
| ३) | कविराज वैदिक (१०५ वर्ष) | २०८२/०४/२६ |
| ४) | अपा ब्राम्हणी सुवेदी (१०३ वर्ष) | २०८२/०४/३० |

५) वासु भट्टराई आश्रम (व्यवस्थापक) २०८२/०४/२९
६) तुलसीराम अधिकारी (९४ वर्ष) २०८२/०४/२८
(७) नेत्रबहादुर रोकाय (संस्थापक. नगरप्रमुख स्वर्गद्वारी नपा) २०८२/०४/३०

## परिशिष्ट : ख
## ॐ श्री स्वर्गद्वारी आश्रम महाप्रभुबाट भक्तजनहरूलाई मार्गदर्शन

तपाईं भक्तका निम्ति अखण्ड यज्ञ छोड्दछु ।
मेरै हो अङ्ग यो यज्ञ यही सम्बन्ध जोड्दछु ॥

यो यज्ञमा गरी श्रद्धा जस्ले सेवा अलिकति ।
गरे पनि सबै दुःख हटी होला सुखी अति ॥

यो यज्ञको गरी हेला यज्ञका निम्तिको धन ।
उडाउँछ जस्ले त्यस्को हुनेछ दुःखि जीवन ॥

मेरा भक्तहरूलाई तिरस्कार गरीकन ।
निन्दा यो धर्मको गर्ला त्यही हो नरकीजन ॥

## परिशिष्ट : ग

## ॐ श्री स्वर्गद्वारी आश्रम महाप्रभुले नेपाल सरकारलाई अन्तिम वाणी

धार्मिक आस्तिक नेपाल सरकार चक्रवर्तिमा
आशीर्वाद चढाउँछु चतुर्वेदोक्त भूमिमा ॥

गरेको स्वर्गद्वारीमा वैदिक यज्ञ योगिले ।
जाहेर भूपमा होला विश्वकल्याण हेतुले ॥

कृपाले सरकारैको चल्दो छ कार्य जिन्तिन ।
छाड्ने छु मार्गमा चोला अवश्य चौथिको दिन ॥

सरकारको देवराज्य यज्ञरक्षा अवश्य नै ।
हुने छ भन्ने हेतुले गरेको नयपाल मै ॥

विश्वकल्याणकारी यो यज्ञ धर्म नरेशमा ।

कुनै विघ्न परी आए रहला दृष्टि एसमा ॥

उतारे कार्य भूमिको यज्ञलाई जिमीन छ ।
मैले छोडेपछि राजन् रक्षाको छ जरुरत ॥

## सन्दर्भसामग्री सूची


उपाध्याय पण्डित, रामप्रसाद (वि.सं.२०४६), *श्री स्वर्गद्वारी महाप्रभु चरित्रम,* सचरित्रम लक्ष्मीनीधिकृत स्वर्गद्वारी महात्म्य तथा कवि शिरोमणि लेखनाथ पौडयाल रचित पत्ररुप महाप्रभु चरित्र समन्वितम ।

गिरी, गितु (वि.सं.२०४३), *प्युठानका धार्मिक स्थलहरूको सांस्कृतिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

गिरी, भोजु (वि.सं. २०८२), *स्वर्गद्धारी महाप्रभुका आशीर्वचनहरू ,* श्री स्वर्गद्धारी आश्रम वैदिक अखण्डमहायज्ञ ।

गुरुङ, गणेशमान (वि.सं.२०३८), स्वर्गद्वारी आश्रम, *मधुपर्क, १४* (२) पृ. ७१-७४ ।

गौतम, टेकनाथ (वि.सं.२०५०), *राप्ती अञ्चलको इतिहास तथा केही संस्मरणहरू,* अजय प्रिण्टर्स ।

धुब्रश्री (वि.सं.२०६४), *पुण्यभूमि स्वर्गद्वारी,* भागवत सन्यास आश्रम एवम् गुरुकुल ।

पासा, राजनविनाएक (वि.सं.२०८१), प्युठानमा पर्यटन विकास, *रातो फूलबारी, २४* (२) नेकपा (एमाले) प्युठान-काठमाण्डौ सम्पर्क मञ्च ।

पौडेल, तेजनिधि (वि.सं.२०७७), स्वर्गद्वारी महाप्रभु, *हाम्रो पुरुषार्थ, ४७* (४), सम्पूर्णाङ्क (८७) पृ. ३४-३७, किरण पुस्तकालय ।

पौडेल, दामोदर (वि.सं. २०६२), *स्वर्गद्वारी आश्रम र स्थानीय विकासमा यसको भूमिका,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., त्रिचन्द्र कलेज ।

बस्नेत, लीलाबहादुर (वि.सं.२०७५), *श्री स्वर्गद्वारी आश्रमको अभिलेख संग्रह,* भागवत सन्यास आश्रम एवम् गुरुकुल ।

मसाल, केबी (वि.सं. २०५४), *बालतपस्वी महाप्रभु स्वर्गद्वारी,* गेहेन्द्र के.सी. ।

मानन्धर, जितबहादुर (वि.सं.२०३८), स्वर्गद्वारी आश्रम र स्वर्गद्वारी महाप्रभु, *मधुपर्क, १४* (८) पृ. ११३-११९ ।

सुवेदी, राजाराम (वि.सं. २०३९), *स्वर्गद्वारी महाप्रभुको विलक्षणता,* नेपाल द्वैमासिक, वर्ष १५ ( साउन-भदौ), अंक १, श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग

सुवेदी, शिवकुमार (वि.सं.२०७०), *स्वर्गद्वारीको सांस्कृतिक इतिहास,* श्रीमती मालिकादेवी सुवेदी ।

UNESCO. (1972). Convention concerning the protection of the world cultural and natural heritage. UNESCO. https://whc.unesco.org/en/convention/

UNESCO. (2003). Convention for the safeguarding of the intangible cultural heritage. UNESCO. https://ich.unesco.org/en/convention